गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

फोन नं: ०७८-४०१०८३
इमेल: honawalpur@gandaki.gov.np

प.स.: २०८२/८३
च. नं.: ८९१९

वि.सं: २०८३ जेठ ६ गते बुधबार,
नेपाल संवत: ११४६ अनालाथ्व चतुर्थी ०४

श्री परिवार कल्याण महाशाखा
टेकु-काठमाडौँ।

**विषय: कार्यक्रम सम्पन्न प्रतिवेदन सम्बन्धमा।**

प्रस्तुत विषयमा आ.व. २०८२/८३ को संघ सशर्त अनुदान अन्तर्गत स्वीकृत *"सायना प्रेस सेवा विस्तारको लागि अस्पताल तथा स्थानीय तहलाई आवश्यक सहजीकरण"* कार्यक्रम निर्देशिका तथा खर्च मापदण्ड बमोजिम सफलतापूर्वक सञ्चालन भई सम्पन्न भएको जानकारीका साथ सो कार्यक्रमको सम्पन्न प्रतिवेदन तथा आ.व. २०८३/८४ का लागि राय तथा सुझावहरू यसै साथ पेश गरिएको व्यहोरा अनुरोध छ।

| क्र.स. | प्रश्न | राय तथा सुझाव |
|---|---|---|
| १ | आगामी आर्थिक वर्ष कार्यक्रम आवश्यक छ ? | जन/स्वास्थ्य कार्यालयको परिवार योजना सेवाको सुदृढीकरण क्रियाकलापमा समाबेश गर्न सकिने |
| २ | बजेट पर्याप्त छ ? | परिवार योजना सेवाको सुदृढीकरण क्रियाकलाप बजेटबाट गर्न सकिने |
| ३ | निर्देशिका सहयोगी थियो ? | परिवार योजना सेवाको सुदृढीकरण क्रियाकलापमा सायना प्रेस लागु भएको जिल्लामा यस विषयलाई सूक्ष्म योजनामा समाबेश गर्नुपर्ने भनि उल्लेख गर्न सकिने |
| ४ | कार्यक्रममा वा. सम्बन्धित कार्यक्रममा सुधार आवश्यक छ ? | स्थानीय तहको लागि FP Satellite Clinic को लागि मात्र बजेट संघ सशर्तबाट विनियोजित हुने र स्थानीय तहले आवश्यक नमानी परिवार योजना सेवा कार्यक्रमको लागि बजेट बिनियोजन नहुने भएकोले एकीकृत FP सेवा सुदृढीकरण कार्यक्रम लागु गर्ने सकिने |

केशव प्रसाद चापागाईं
जनस्वास्थ्य प्रशासक

**बोधार्थ**
१. श्री स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।



Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

फोन नं: ०७८-४०१०८३
इमेल: honawalpur@gandaki.gov.np

## "सायना प्रेस सेवा विस्तारको लागि अस्पताल तथा स्थानीय तहलाई आवश्यक सहजीकरण" कार्यक्रम सम्पन्न प्रतिवेदन

## (संघ सशर्त अनुदान कार्यक्रम, कार्यक्रम PLMBIS कोड २.७.२२.३२६)

### १. कार्यक्रम परिचय तथा उद्देश्य

नेपाल सरकारको परिवार कल्याण कार्यक्रम अन्तर्गत आधुनिक परिवार योजना सेवाको पहुँच विस्तार तथा सेवाग्राहीलाई थप सुरक्षित, प्रभावकारी र प्रयोगमैत्री गर्भनिरोधक साधन उपलब्ध गराउने उद्देश्यले सायना प्रेस (DMPA-SC) सेवा नेपालमा चरणबद्ध रूपमा विस्तार गरिएको छ।

नेपालमा सायना प्रेस सेवा सर्वप्रथम वि.सं. २०७६ सालमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र सिन्धुली जिल्लाबाट पाइलट रूपमा प्रारम्भ गरिएको थियो। प्रारम्भिक कार्यान्वयनबाट प्राप्त सकारात्मक अनुभव, सेवाग्राहीको स्वीकार्यता तथा सेवा पहुँचमा सुधारका आधारमा हाल उक्त सेवा देशका २० जिल्लामा विस्तार भइसकेको छ। सायना प्रेस सेवा विस्तारको प्रारम्भिक जिल्लाको रूपमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाले परिवार योजना सेवाको सुदृढीकरण, सेवा पहुँच विस्तार तथा समुदायस्तरसम्म आधुनिक गर्भनिरोधक सेवा प्रवाहमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। जिल्लामा सायना प्रेस सेवाको प्रभावकारी कार्यान्वयन, सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि, नियमित अनुगमन तथा स्थानीय तहसँगको समन्वयलाई थप सुदृढ गर्न आवश्यक देखिएकाले यो कार्यक्रम सञ्चालन गरिएको हो।

### २. कार्यक्रम उद्देश्यहरु

कार्यक्रमका उद्देश्यहरू निम्नानुसार रहेका थिए:

- सायना प्रेस सेवाको पहुँच तथा उपयोग दर अभिवृद्धि गर्नु साथै परिवार योजना सेवाको गुणस्तर सुधार गर्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्नु,
- स्थानीय तह तथा स्वास्थ्य संस्थाबीच समन्वय सुदृढ गर्नु गरि सेवा प्रवाहलाई प्रभावकारी, पहुँचयुक्त तथा सेवामैत्री बनाउनु

Scanned with CamScanner

- सायना प्रेस तथा परिवार योजना सेवासम्बन्धी आपूर्ति व्यवस्थापनलाई सुदृढ गरी आवश्यक सामग्रीहरूको नियमित उपलब्धता सुनिश्चित गर्नु
- वडा तहसम्मको परिवार योजना सेवा सम्बन्धी तथ्यांक तथा सेवा उपयोग विश्लेषणका आधारमा लक्षित योजना निर्माण तथा सेवा विस्तारलाई प्रभावकारी बनाउनु

### ३. कार्यक्रम कार्यान्वयन

जिल्लाभित्र सञ्चालन भइरहेको परिवार योजना तथा सायना प्रेस सेवाको वर्तमान अवस्थालाई थप प्रभावकारी, पहुँचयुक्त तथा सेवामैत्री बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहगत ३ वर्षको तथ्यांकहरूको विस्तृत समीक्षा तथा विश्लेषण गरिएको थियो। विशेषगरी नयाँ प्रयोगकर्ता (New Users), वर्तमान प्रयोगकर्ता (Current Users), सेवा छोड्ने दर (Discontinuation Rate), सेवा निरन्तरता, सेवा पहुँच तथा वडा तहसम्मको सेवा उपयोग अवस्थाको विश्लेषणका आधारमा स्थानीय तहहरूको प्राथमिकता निर्धारण गरिएको थियो। उक्त विश्लेषणका क्रममा देवचुली नगरपालिका तथा विनयी त्रिवेणी गाउँपालिकामा सायना प्रेस सेवा विस्तार तथा परिवार योजना सेवाको सुदृढीकरणका लागि थप समन्वय, क्षमता अभिवृद्धि तथा सेवा व्यवस्थापन आवश्यक देखिएकोले यी स्थानीय तहहरूलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिएको हो।

| स्थानीय तह | नयाँ प्रयोगकर्ता | छोड्ने दर | वर्तमान प्रयोगकर्ता | ट्रेन्ड विश्लेषण | प्राथमिकता / कारण |
|---|---|---|---|---|---|
| देवचुली नगरपालिका | १२९<br>१०६<br>२५८ | १४६<br>१३६<br>२१२ | २५०८<br>८०६<br>१३९२ | नयाँ र वर्तमान प्रयोगकर्ता अस्थिर; छोड्ने दर बढी | प्राथमिकता १: सेवा विस्तार गर्न आवश्यक |
| विनयी त्रिवेणी गाउँपालिका | २६५<br>१६३<br>२५३ | १६२<br>२१२<br>२७५ | १७९६<br>१८३५<br>२२१२ | नयाँ र वर्तमान प्रयोगकर्ता बढ्दो; छोड्ने दर उच्च | प्राथमिकता २: सेवा विस्तार गर्न आवश्यक |

*३ वर्षको तथ्यांकहरूको विस्तृत समीक्षा तथा विश्लेषण आ.व. २०७९/८० देखिको क्रमानुसार*

सोही आधारमा सम्बन्धित स्थानीय तहहरूसँग समन्वय गरी स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारी तथा परिवार योजना सेवामा संलग्न स्वास्थ्यकर्मीहरूको सहभागितामा समन्वयात्मक अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

Scanned with CamScanner

कार्यक्रमलाई सहभागितामूलक, अन्तरक्रियात्मक तथा तथ्यांकमा आधारित बनाइएको थियो। कार्यक्रममा परिवार योजना सेवाको वर्तमान अवस्था, सायना प्रेस सेवा विस्तारको आवश्यकता, सेवा गुणस्तर सुनिश्चितता, सेवा पहुँच अभिवृद्धि, आपूर्ति व्यवस्थापन, रेकर्डिङ तथा रिपोर्टिङ प्रणाली, सेवाग्राही परामर्श, सेवा निरन्तरता तथा वडा तहसम्मको सेवा विश्लेषण सम्बन्धी विषयहरूमा विस्तृत प्रस्तुतीकरण तथा छलफल गरिएको थियो। कार्यक्रम सम्पन्न पश्चात नियमित अनुगमन, सेवा तथ्यांकको आवधिक समीक्षा, आवश्यक सामग्रीहरूको उपलब्धता सुनिश्चितता, सेवा गुणस्तर अभिवृद्धि तथा वडा तहसम्म परिवार योजना सेवाको पहुँच विस्तारका लागि निरन्तर प्राविधिक सहयोग तथा सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त सहित कार्ययोजना तयार गरिएको थियो।

## ४. कार्यक्रम मूल्यांकन

कार्यक्रम सञ्चालन पश्चात सहभागीहरूको प्रतिक्रिया, कार्यक्रमको प्रभावकारिता तथा प्राप्त उपलब्धिहरूका आधारमा समग्र मूल्यांकन गरिएको थियो। कार्यक्रम उद्देश्यअनुरूप प्रभावकारी रूपमा सम्पन्न भएको तथा सायना प्रेस तथा परिवार योजना सेवाको पहुँच, गुणस्तर र समन्वय सुधारमा सकारात्मक योगदान पुगेको देखिएको छ।

मुख्य मूल्यांकन बुँदाहरूः

- स्वास्थ्यकर्मीहरूको सायना प्रेस तथा परिवार योजना सेवा विस्तार सम्बन्धी ज्ञान तथा क्षमता अभिवृद्धि भएको पाईएको,
- सायना प्रेस सेवा छोड्ने दर न्यूनीकरणमा ध्यान केन्द्रित गरि सोसंग सम्बन्धित उपायहरुबारे बिस्तृत छलफल भएको,
- आपूर्ति व्यवस्थापन तथा रिपोर्टिङ प्रणाली सुधारको आवश्यकता पहिचान भएको,
- सायना प्रेस तथा परिवार योजना सेवाको प्रभावकारी विस्तारका लागि आवश्यकता पहिचान भएको,

**कार्यक्रम बजेट तथा खर्च:** कार्यक्रम सञ्चालनका लागि कुल विनियोजित बजेट रु. ९५,००० (अक्षरूपी पन्चानब्बे हजार रुपैयाँ मात्र) रहेकोमा कुल रु. ८१,२०० (अक्षरूपी एक्याऐंशी हजार दुई सय रुपैयाँ मात्र) खर्च भई बजेटको करिब ८५.४७ प्रतिशत रकम खर्च कार्यान्वयन भएको छ।

## ५. कार्यक्रममा देखिएका चुनौतीहरू तथा सुझावहरु

कार्यक्रम कार्यान्वयनका क्रममा केही प्राविधिक तथा व्यवस्थापकीय पक्षमा विभिन्न चुनौतीहरू देखिएका छन्, जसको सम्बोधनका लागि निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ;

Scanned with CamScanner

**चुनौतीहरू**

- सायना प्रेस सम्बन्धी आपूर्ति व्यवस्थापनमा चुनौती रहनु जसले गर्दा साधन अभाव हुने,
- साधन अभावले गर्दा सेवा छोड्ने दर उच्च देखिनु,
- स्थानीय तहमा परिवार योजना सेवासंग सम्बन्धित बजेट तथा कार्यक्रम बिनियोजन नहुनु, जसले सेवा विस्तार र कार्यक्रम सुदृढीकरणमा कठिनाई भएको,

**सुझावहरू**

- स्वास्थ्यकर्मीहरूलाई नियमित प्राविधिक अभिमुखीकरण तथा मेन्टोरिङ सञ्चालन गर्ने र सायना प्रेसको नियमित उपलब्धता सुनिश्चित गर्ने र आपूर्ति व्यवस्थालाई समयमै व्यवस्थापन गर्ने,
- परिवार योजना सेवाका लागि आवश्यक साधन तथा सामग्रीहरूको नियमित आपूर्ति सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय कायम गर्ने,
- सेवा छोड्ने दर न्यूनीकरणका लागि समुदायस्तरमा नियमित फलोअप, परामर्श तथा पुनःसेवा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र स्थानीय तहमा परिवार योजना सेवासम्बन्धी बजेट तथा कार्यक्रम अनिवार्य रूपमा समावेश गर्न बहस पैरवी कार्यक्रम सञ्चालन गर्ने।

## ६. कार्यक्रम निष्कर्ष

सायना प्रेस सेवा विस्तारको लागि अस्पताल तथा स्थानीय तहलाई आवश्यक सहजीकरण’कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका समन्वयात्मक अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमहरू प्रभावकारी रूपमा सम्पन्न भएका छन्। नेपालमा सायना प्रेस सेवा प्रारम्भ भएको अग्रणी जिल्ला तथा पाइलट जिल्लाको रूपमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले परिवार योजना सेवाको विस्तार तथा सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको सन्दर्भमा यस कार्यक्रमले सेवा प्रवाहलाई थप व्यवस्थित, गुणस्तरीय तथा पहुँचयुक्त बनाउन सहयोग पुगेको छ।

कार्यक्रममार्फत स्थानीय तह, स्वास्थ्य संस्था तथा सेवा प्रदायक स्वास्थ्यकर्मीहरूबीच समन्वय, सहकार्य तथा क्षमता अभिवृद्धिमा सकारात्मक सुधार भएको देखिएको छ। साथै सायना प्रेस तथा परिवार योजना सेवाको प्रभावकारी कार्यान्वयन, सेवा पहुँच विस्तार तथा सेवाग्राहीमैत्री वातावरण निर्माणमा कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

Scanned with CamScanner

<u>आ.व. २०८३/८४ को लागि कार्यक्रम सम्बन्धी राय तथा सुझावहरु</u>

| क्र.स. | प्रश्न | राय तथा सुझाव |
|---|---|---|
| १ | आगामी आर्थिक वर्षमा कार्यक्रम आवश्यक छ ? | जन/स्वास्थ्य कार्यालयको परिवार योजना सेवाको सुदृढीकरण क्रियाकलापमा समाबेश गर्न सकिने<br>साथै Integrated FP & MNH Mentoring/Coaching Program (LGs) का रूपमा |
| २ | बजेट पर्याप्त छ ? | परिवार योजना सेवाको सुदृढीकरण क्रियाकलाप बजेटबाट गर्न सकिने |
| ३ | निर्देशिका सहयोगी थियो ? | परिवार योजना सेवाको सुदृढीकरण क्रियाकलापमा सायना प्रेस लागु भएको जिल्लामा यस विषयलाई सूक्ष्म योजनामा समाबेश गर्नु पर्ने भनि उल्लेख गर्न सकिने |
| ४ | कार्यक्रम वा सम्बन्धित कार्यक्रममा सुधार आवश्यक ? | स्थानीय तहको लागि FP Satellite Clinic को लागि मात्र बजेट संघ सशर्तबाट विनियोजित हुने र स्थानीय तहले आवश्यक नमानी परिवार योजना सेवा कार्यक्रमको लागि बजेट बिनियोजन नहुने भएकोले एकीकृत FP सेवा सुदृढीकरण कार्यक्रम लागु गर्ने सकिने |

**पेश गर्ने:**

सागर पराजुली,
कार्यक्रम फोकल पर्सन/जनस्वास्थ्य अधिकृत,
प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
+९७७ ९८६७१०५८८३
sagar.honawalpur@gmail.com

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

Scanned with CamScanner